**" मीठे बच्चे– बाबा आउनु भएको छ तिमी बच्चाहरूलाई सुख चैनको दुनियाँमा लिएर जान। चैन हुन्छ नै शान्तिधाम र सुखधाममा।"**

**प्रश्नः–** यस युद्धको मैदानमा मायाले सबैभन्दा पहिलो आक्रमण कुन कुरामा गर्छ?

**उत्तरः–** निश्चयमा। चल्दा-चल्दै निश्चय तोडिदिन्छ त्यसैले हार खान्छन्। यदि पक्का निश्चय रहन्छ– बाबा जो सबैको दुःख हरेर सुख दिनेवाला हुनुहुन्छ, उहाँले नै हामीलाई श्रीमत दिइरहनु भएको छ, आदि मध्य अन्त्यको ज्ञान सुनाइरहनु भएको छ, तब कहिल्यै पनि मायासँग हार हुन सक्दैन।

**गीतः–** इस पाप की दुनियाँ से......।

**ओम् शान्ति।** कसको लागि भन्छन्, कहाँ लिएर जाने, कसरी लिएर जाने... यो दुनियाँमा कसैले पनि जान्दैन। तिमी ब्राह्मण कुल भूषणले नम्बरवार पुरुषार्थ अनुसार जानेका छौ। तिमी बच्चाहरूलाई थाहा छ– यिनमा जसको प्रवेशता छ, जसले हामीलाई आफ्नो र रचनाको आदि मध्य अन्त्यको ज्ञान सुनाइरहनु भएको छ, उहाँले सबैको दुःख हरेर सबैलाई सुखदायी बनाइरहनु भएको छ। यो कुनै नयाँ कुरा होइन। बाबा कल्प-कल्प आउनु हुन्छ, सबैलाई श्रीमत दिइरहनु हुन्छ। बच्चाहरूले जानेका छन्– बाबा पनि उही हुनुहुन्छ, हामी पनि उही नै हौं। तिमी बच्चाहरूलाई यो निश्चय हुनुपर्छ। बाबा भन्नुहुन्छ– म आएको छु बच्चाहरूलाई सुखधाम, शान्तिधाममा लिएर जानको लागि। तर मायाले निश्चय रहन दिँदैन। सुखधाममा चल्दा-चल्दै फेरि हराइदिन्छ। यो युद्धको मैदान हो नि। त्यो युद्ध हुन्छ बाहुबलको, यो हो योगबलको। योगबल धेरै नामीग्रामी छ, त्यसैले सबैले योग-योग भनिरहन्छन्। तिमीले यो योग एकै पटक सिक्छौ। बाँकी उनीहरूले अनेक प्रकारका हठयोग सिकाउँछन्। यो उनलाई थाहा छैन– बाबाले कसरी आएर योग सिकाउनु हुन्छ। उनीहरूले त प्राचीन योग सिकाउन सक्दैनन्। तिमी बच्चाहरूले राम्ररी जानेका छौ, यो उहाँ बाबाले नै राजयोग सिकाइरहनु भएको छ, जसलाई याद गरिन्छ– हे पतित-पावन आउनुहोस्। यस्तो ठाउँमा लिएर जानुहोस् जहाँ चैन होस्। चैन हुन्छ नै शान्तिधाम, सुखधाममा। दुःखधाममा चैन कहाँबाट आयो? चैन छैन त्यसैले त ड्रामा अनुसार बाबा आउनु हुन्छ, यो हो दुःखधाम। यहाँ दुःख नै दुःख छ। दुःखका पहाड गिर्नेछन्। जतिसुकै धनवान हुन् वा जेसुकै हुन्, कुनै न कुनै दुःख अवश्य हुन्छ। तिमी बच्चाहरूलाई थाहा छ– हामी मीठा बाबाको साथमा बसेका छौं, जो बाबा अहिले आउनु भएको छ। ड्रामाको रहस्यलाई पनि अहिले तिमीलाई थाहा छ। बाबा अहिले आउनु भएको छ– हामीलाई लिएर जानुहुन्छ। बाबा हामी आत्माहरूलाई भन्नुहुन्छ किनकि उहाँ हामी आत्माहरूका बाबा हुनुहुन्छ नि। जसको लागि नै गायन छ– आत्मायें परमात्मा अलग रहे बहुकाल.... शान्तिधाममा सबै आत्माहरू साथमा रहन्छन्। अहिले बाबा त आउनु भएको छ बाँकी जो थोरै त्यहाँ रहेका छन्, उनीहरू पनि माथिदेखि तल आइरहन्छन्। यहाँ तिमीलाई बाबाले कति कुरा सम्झाउनु हुन्छ। घरमा गएपछि तिमी भुल्छौ। छ धेरै सजिलो कुरा। बाबा जो सबैका सुखदाता, शान्तिदाता हुनुहुन्छ उहाँले बच्चाहरूलाई बसेर सम्झाउनु हुन्छ। तिमी कति थोरै छौ। बिस्तारै-बिस्तारै वृद्धि हुँदै जान्छ। तिम्रोको बाबासँग गुप्त प्रेम छ। जहाँ रहे पनि, तिम्रोको बुद्धिमा हुन्छ– बाबा मधुवनमा बस्नु भएको छ। बाबा भन्नुहुन्छ– मलाई त्यहाँ (मूलवतनमा) याद गर। तिम्रो पनि निवास स्थान त्यहाँ हो। अवश्य बाबालाई याद गर्छौ, जसलाई तिमी माता-पिता भन्छौ। उहाँ वास्तवमा तिम्रो पासमा आउनु भएको छ। बाबा भन्नुहुन्छ– म तिमीहरूलाई लिएर जानको लागि आएको छु। रावणले तिमीलाई पतित तमोप्रधान बनाएको छ, अब सतोप्रधान पावन बन्नु छ। पतित कसरी जान सक्छ। पवित्र त अवश्य बन्नु छ। अहिले एउटा पनि मनुष्य सतोप्रधान छैन। यो हो तमोप्रधान दुनियाँ। यो मनुष्यहरूको नै कुरा हो। मनुष्यको लागि नै सतोप्रधान, सतो, रजो, तमोको रहस्य सम्झाइन्छ। बाबा बच्चाहरूलाई नै सम्झाउनु हुन्छ। यो त धेरै सजिलो छ। तिमी आत्माहरू आफ्ना घरमा थियौ। त्यहाँ त सबै पावन आत्मा रहन्छन्। अपवित्र त रहन सक्दैन। त्यसको नाम हो नै मुक्तिधाम। अहिले बाबाले तिमीलाई पावन बनाएर पठाइदिनुहुन्छ। फेरि तिमी पार्ट खेल्नको लागि सुखधाममा आउँछौ। सतो, रजो, तमोमा तिमी आउँछौ।

पुकार्छन् पनि– बाबा हामीलाई त्यहाँ लिएर जानुहोस् जहाँ चैन हुन्छ। साधु-सन्त आदि कसैलाई पनि यो थाहा छैन– चैन कहाँ मिल्न सक्छ? अहिले तिमी बच्चाहरूलाई थाहा छ– सुख शान्तिको चैन हामीलाई कहाँ मिल्छ।

बाबा अहिले हामीलाई २१ जन्मको सुख दिनको लागि आउनु भएको छ। बाँकी जो पछि आउँछन् उनीहरू सबैलाई मुक्ति दिन आएका हुन्। जो ढिलो आउँछन् उनीहरूको पार्ट नै थोरै हुन्छ। तिम्रो पार्ट सबैभन्दा ठूलो छ। तिमीलाई थाहा छ– हामीले ८४ जन्मको पार्ट बजाएर अहिले पूरा गरेका छौं। अब चक्र पूरा हुन्छ। सारा पुरानो वृक्षलाई पूरा हुनु छ। अहिले तिम्रो यो गुप्त सरकारले दैवी वृक्षको कलम लगाइरहनु भएको छ। उनीहरूले त जंगली वृक्षको कलम लगाइरहन्छन्। यहाँ बाबाले काँडालाई बदलेर दैवी फूलहरूको वृक्ष बनाइरहनु भएको छ। त्यो पनि सरकार हो, यो पनि गुप्त सरकार हो। त्यसले के गर्छ र यसले के गर्छ! फरक हेर त कति छ। उनीहरूले केही पनि बुझ्दैनन्। वृक्षका विरुवा लगाइरहन्छन्, ती जंगली वृक्ष त अनेक प्रकारका छन्। कसैले केको कलमी लगाउँछन्, कसैले केको। अहिले तिमी बच्चाहरूलाई बाबा फेरि देवता बनाइरहनु भएको छ। तिमी सतोप्रधान देवता थियौ फेरि ८४ को चक्र लगाएर तमोप्रधान बनेका छौ। कोही सदैव सतोप्रधान रहोस्, यस्तो हुँदै-हुँदैन। हर चीज नयाँबाट फेरि पुरानो हुन्छ। तिमी २४ केरेटका सुन थियौ, अहिले ९ केरेट सुनको गहना बनेका छौ, फेरि २४ केरेट बन्नु छ। आत्माहरू यस्तो बनेका छन् नि। जस्तो सुन त्यस्तै गहना बन्छ। अहिले सबै काला बनेका छन्। इज्जत राख्नको लागि कालो शब्द नभनेर श्याम भनिदिएका हुन्। आत्मा सतोप्रधान पवित्र थियो फेरि कति खाद परेको छ। अहिले फेरि पवित्र हुनको लागि बाबा युक्ति पनि बताउनु हुन्छ। यो हो योग अग्नि यसबाट नै तिम्रो खाद निस्कन्छ। बाबालाई याद गर्नु छ। बाबा स्वयं भन्नुहुन्छ– मलाई यस प्रकार याद गर। पतित पावन म हुँ। तिमीलाई अनेक पटक मैले पतितबाट पावन बनाएको हुँ। यो पनि पहिला तिमीले जान्दैनथ्यौ। अहिले तिमीले जानेका छौ– आज हामी पतित छौं, भोलि फेरि पावन हुन्छौं। उनीहरूले त कल्पको आयु लाखौं वर्ष लेखेर मनुष्यलाई घोर अन्धकारमा पारिदिएका छन्। बाबा आएर राम्रोसँग सबै कुरा सम्झाउनु हुन्छ। तिमी बच्चाहरूलाई थाहा छ– हामीलाई कसले पढाउँछ, ज्ञानका सागर पतित-पावन बाबा जो सबैका सद्गति दाता हुनुहुन्छ। मनुष्यले भक्तिमार्गमा कति महिमा गाउँछन् तर त्यसको अर्थ केही पनि जानेका छैनन्। स्तुति गाउँदा पनि सबैलाई मिलाएर गाउँछन्। गुडगुडधानी गरेजस्तै, जसले जे सिकायो त्यसलाई कण्ठ गर्यो। अब बाबा भन्नुहुन्छ– जे जति सिकेका छौ, ती सबै कुरा भूल। जीवन छँदै मेरो बन। गृहस्थ व्यवहारमा युक्तिसँग चल्नु छ। याद एक बाबालाई नै गर्नु छ। उनीहरूको हो नै हठयोग। तिमी हौ राजयोगी। घरधनीलाई पनि यस्तो शिक्षा दिनु छ। तिम्रो चाल-चलनलाई देखेर यस्तो अनुसरण गरून्। कहिल्यै आपसमा लडाईं-झगडा गर्नु छैन। यदि लडाईं गर्यौ भने अरूले के सम्झन्छन्, यिनीहरूमा त धेरै क्रोध छ। तिमीहरूमा कुनै पनि विकार नरहोस्। मनुष्यको बुद्धिलाई बर्बाद गर्ने चीज हो सिनेमा, यो नर्क जस्तै हो। त्यहाँ जानाले नै बुद्धि खत्तम हुन्छ। दुनियाँमा कति विकार छ। एकातिर सरकारले नियम पास गर्छ– १८ वर्षभित्र कसैले विवाह नगरोस् फेरि पनि यसरी धेरै विवाह भइरहन्छन्। बच्चालाई काखमा राखेर विवाह गराइरहन्छन्। अहिले तिमीले जानेका छौ– बाबाले हामीलाई यस छी-छी दुनियाँबाट लिएर जानुहुन्छ। हामीलाई स्वर्गको मालिक बनाउनु हुन्छ। बाबा भन्नुहुन्छ– नष्टोमोहा बन, केवल मलाई याद गर। कुटुम्ब परिवारमा रहँदा-रहँदै मलाई याद गर। कैही मेहनत गर्यौ भने मात्र विश्वको मालिक बन्छौ। बाबा भन्नुहुन्छ– म एकलाई याद गर र आसुरी गुणलाई छोड। सधैं राती आफ्नो चार्ट चेक गर। यो तिम्रो व्यापार हो। यो व्यापार बिरलै कसैले गर्छन्। एक सेकेण्डमा कंगाललाई शिरको ताज बनाइदिनुहुन्छ, यो जादु ठहरियो नि। यस्ता जादुगरको त हात समात्नुपर्छ। जसले हामीलाई योगबलद्वारा पतितबाट पावन बनाउनु हुन्छ। अरू कसैले बनाउन सक्दैन। गंगाजीबाट कोही पावन बन्न सक्दैन। तिमी बच्चाहरूमा अहिले कति ज्ञान छ। तिमीहरू मनमनै खुशी हुनुपर्छ– बाबा फेरि आउनु भएको छ। देवीहरूको पनि कति चित्र आदि बनाउँछन्, उनलाई हतियार दिएर भयंकर बनाइदिन्छन्। ब्रह्मालाई पनि कति हातहरू दिन्छन्, अब तिमीले सम्झन्छौ– ब्रह्माका हातहरू त लाखौं हुन्छन्। यति सबै ब्रह्माकुमार कुमारीहरू, यी बाबाका उत्पत्ति हुन् नि, त्यसैले प्रजापिता ब्रह्माका यति धेरै हातहरू छन्।

अहिले तिमी हौ रूप-वसन्त। तिम्रो मुखबाट सदैव रत्न निस्कनुपर्छ। ज्ञान रत्न भन्दा अरू कुनै कुरा ननिस्कियोस्। यी रत्नहरूको कसैले मूल्य तोक्न सक्दैन। बाबा भन्नुहुन्छ– मनमनाभव। बाबालाई याद गर्यौ भने देवता बन्छौ। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

**रात्रि कलास ११-०३-६८**

तिम्रो पासमा प्रदर्शनीको उद्‌घाटन गर्नको लागि ठूला-बडा मानिसहरू आउने छन्, उनीहरूले केवल यति बुझ्छन्– भगवानलाई पाउनको लागि यिनीहरूले यो राम्रो मार्ग निकालेका छन्। जसरी भगवानलाई प्राप्त गर्नको लागि सत्संग आदि गर्छन्, वेद पढ्छन्, त्यसैगरी यो पनि यिनीहरूले मार्ग लिएका हुन्। तर यो बुझ्दैनन् कि यिनीहरूलाई भगवानले पढाउनु हुन्छ। केवल राम्रो कर्म गर्छन्, पवित्रता छ र भगवानसँग मिलाउँछन्। यी देवीहरूले राम्रो मार्ग निकालेका छन्, बस्। जसद्‌वारा उद्‌घाटन गराइन्छ उसले त आफूलाई धेरै महान सम्झन्छ। कुनै ठूला-ठूला मानिसहरू बाबाको लागि सम्झन्छन् कुनै महान् पुरुष हुन् होला, उनीसँग गएर भेट गरौं। बाबा त भन्नुहुन्छ– पहिला फाराम भरेर पठाऊ। पहिला त तिमी बच्चाहरू उनलाई बाबाको पूरा परिचय देऊ। परिचय विना आएर के गर्ने! शिवबाबासँग त तब मिल्न सक्छन् जब पहिला पूरा निश्चय हुन्छ। विना परिचय मिलेर के गर्ने! कोही धनवान आउँछन्, सम्झन्छन्– म यिनीहरूलाई केही दिऊँ। गरिब कसैले एक रूपयाँ दिन्छन्, धनीले १०० रूपयाँ दिन्छन्, गरिबको एक रूपयाँ मूल्यवान् हुन्छ। ती धनीहरू त कहिल्यै यादको यात्रामा यथार्थ रूपमा रहन सक्दैनन्, उनीहरू आत्म-अभिमानी बन्न सक्दैनन्। पहिला त पतितबाट पावन कसरी बनिन्छ त्यो लेखेर दिनुपर्छ। तमोप्रधानबाट सतोप्रधान बन्नु छ। यसमा प्रेरणा आदिको कुनै कुरा नै छैन। बाबा भन्नुहुन्छ– मामेकम् याद गर्यौ भने खिया निस्किएर जान्छ। प्रदर्शनी आदि हेर्न आउँछन् तर यदि दुई-तीन पटक आए भने बुझ्नुपर्छ, यसलाई केही तीर लागेको छ। देवता धर्मको हो, यसले भक्ति राम्रो गरेको छ। हुन त कसैलाई राम्रो लाग्छ तर लक्ष्यलाई पक्डिएको छैन भने त्यो के कामको। यो त तिमी बच्चाहरूलाई थाहा छ– ड्रामा चलिरहन्छ। जे चलिरहेको छ बुद्‌धिद्‌वारा जानेका छौ के भइरहेको छ! तिम्रोको बुद्‌धिमा चक्र चलिरहन्छ, दोहोरिइरहन्छ। जसले जे गरेका थिए, त्यही गर्छन्। बाबाले लिने, नलिने त्यो उहाँको हातमा छ। हुन त अहिले सेन्टर आदि खुल्छन्, पैसा काममा आउँछ। जब तिम्रो प्रभाव निस्कन्छ फेरि पैसा के गर्नेछौ! मूल कुरा हो पतितबाट पावन बन्ने। त्यो त धेरै मुस्किल छ, यसमा लागून्। हामीले त बाबालाई याद गर्नु छ। रोटी खायो, बाबालाई याद गर्यो। सम्झन्छन्– पहिला हामी बाबाबाट वर्सा त लिऊँ। हामी आत्मा हौं पहिला त यो पक्का गर्नुपर्छ। यस्तो जब कोही निस्कन्छ तब तीव्र दौड लगाउन सकिन्छ। वास्तवमा तिमी बच्चाहरूले सारा विश्वलाई योगबलद्‌वारा पवित्र बनाउँछौ त्यसैले बच्चाहरूलाई कति नशा रहनु पर्छ। मूल कुरा हो नै पवित्रताको। यहाँ पढाइन्छ पनि र पवित्र पनि बन्नुपर्छ, स्वच्छ पनि रहनु छ। मनमा अरू कुनै कुरा याद रहनु हुँदैन। बच्चाहरूलाई सम्झाइन्छ– अशरीरी भव। यहाँ तिमी पार्ट खेल्न आएका छौ। सबैलाई आ-आफ्नो पार्ट बजाउनु नै छ। यो ज्ञान बुद्‌धिमा रहनु पर्छ। सिँढीमा पनि तिमीले सम्झाउन सक्छौ। रावण राज्य हो नै पतित, रामराज्य हो पावन। फेरि पतितबाट पावन कसरी बन्ने, यस्ता-यस्ता कुरामा रमण गर्नुपर्छ, यसलाई नै विचार सागर मन्थन भनिन्छ। ८४ को चक्र याद आउनु पर्छ। बाबाले भन्नुभएको छ– मलाई याद गर। यो हो रूहानी यात्रा। बाबाको यादद्‌वारा नै विकर्म विनाश हुन्छ। ती जिस्मानी यात्राबाट अझै विकर्म बन्छ। भन, यो बुटी हो। यसलाई बुझेपछि सबै दुःख दूर हुन्छ। बुटी लगाउँछन् नै दुःख दूर होस् भनेर। अच्छा।

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडनाइट। रूहानी बच्चाहरूको रूहानी बापदादालाई नमस्ते।

**धारणाको लागि मुख्य सारः–**

१) नष्टोमोहा बनेर बाबालाई याद गर्नु छ। कुटुम्ब परिवारमा रहँदै विश्वको मालिक बन्नको लागि मेहनत गर्नु छ। अवगुणलाई छोड्दै जानु छ।

२) आफ्नो चाल-चलन यस्तो बनाउनु छ जसलाई देखेर सबैले अनुसरण गरुन्। कुनै पनि विकार भित्र नरहोस्, यो जाँच गर्नु छ।

**वरदानः–** बाबाको हर श्रीमतलाई पालन गर्ने सच्चा स्नेही आशिक भव

जो बच्चाहरू सदा एक बाबाको स्नेहमा लवलीन रहन्छन्, उनीहरूलाई बाबाको हरेक बोली प्रिय लाग्छ, प्रश्न समाप्त हुन्छ। ब्राह्मण जन्मको आधार स्नेह हो। जो स्नेही आशिक आत्माहरू छन् उनीहरूलाई बाबाको श्रीमत पालन गर्नमा मुश्किल अनुभव हुँदैन। स्नेहको कारणले सधैं यही उमङ्ग

रहन्छ, बाबाले जे भन्नु भएको छ त्यो मेरो लागि हो– मैले गर्नु छ। स्नेही आत्माहरू विशाल दिलवाला हुन्छन्, त्यसैले उनको लागि हरेक ठूलो कुरा पनि सानो हुन जान्छ।

**स्लोगनः–** कुनै पनि कुरालाई फील गर्नु– यो पनि फेलको निशानी हो।